# तादी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
## खरानीटार,नुवाकोट

**कफि प्रशोधनको लागि प्रयोगशाला निर्माण कार्यक्रमको लागि अनुदान प्रस्ताव आब्हान सम्बन्धी सूचना !**

**( प्रथम पटक प्रकाशित मिति :२०७९।१२।१७)**

तादी गाउँपालिकाको आ.व.०७९।०८० मा नेपाल सरकारको संघीय शसर्त अनुदान अर्न्तगत बजेट शिर्षक नम्वर ३११२२ “कफि प्रशोधनको लागि प्रयोगशाला निर्माण ”अर्न्तगत कफि उत्पादन तथा प्रशोधनको लागि फार्म स्थापना, कफि विस्तार कार्यक्रम अर्न्तगत प्लान्ट प्रशोधनको मेशिनरी औजार स्थापना, कफि पल्पर मेशिन , कफि कारखाना ,ठुलो स्तरको अर्थडेक्स कफि कारखानाका लागि ५०% अनुदान उपलब्ध गराउने सम्बन्धमा प्रस्ताव आब्हान गरिएको छ । यस बमोजिमका कागजातहरु संलग्न गरि ३० दिन भित्र तादी गाउँपालिकाको कार्यालय, खरानिटार नुवाकोटमा राष्ट्रिय चिया कफि विकास बोर्डबाट सन्चालन गरिने कार्यक्रम कार्यान्वयन कार्यविधि २०७२ (पहिलो सशोधन २०७५) मा व्यवस्था भए बमोजिमको प्रकृया अनुसार निवेदन पेश गर्न यो सूचना प्रकाशित गरिएको छ ।

**पेश गनुपर्ने आवश्यक कागजपत्रहरु**

१.अनुसूचि २ अनुसारको निवेदन ,अनुसूचि ३ बमोजिमको प्रस्तावना
२.गाउँपालिकामा नविकरण सहित संस्था दर्ता गरेको प्रमाण पत्र
३.स्थाई लेखा नम्वर प्यान को प्रतिलिपी
४.व्यवसाय दर्ताको प्रमाण पत्रको प्रतिलिपी
५.सम्बन्धित वडा कार्यालयको सिफारिस
६.अघिल्लो वर्षको लेखा परिक्षणको प्रतिवेदनको प्रतिलिपी
७.संस्थाको प्रमुख व्यक्तिको नागरिकताको प्रमाण पत्रको प्रतिलिपी
८.सञ्चालन समितिको निर्णयको प्रतिलिपी

**अनुदान उपलब्ध गराइने आधारहरु**

१.नमुना कफि बगैंचा स्थापनाका लागि न्युनतम २००रोपनि जमिनमा कफि खेति गरेको हनुपर्ने छ ।
२.अर्गानिक कफि खेतिका लागि आवश्यक प्राङगारिक मल उत्पादन गर्न पशुपालन गरेको हनुपर्ने ।
३.बार्षिक २०मे.टन फ्रेस चेरी उत्पादन/संकलन भएको हुनुपर्ने र गाउँपालिकामा विवरण बुझाईएको हुनुपर्ने छ ।
४.कफि खेति गरिएको स्थानसम्म मोटरबाटो जोडिएको हुनुपर्ने साथै कम्तिमा थ्रिफेज बिधुत लाइन पुगेको हुनुपर्ने ।
५.कर्मचारीलाई दिएको नियुक्ति पत्र प्रतिलिपी अनिवार्य पेश गनुपर्ने साथै जिवन बिमा प्रमाण पत्र पेश गनुपर्ने ।
६.नेपाल सरकारको श्रम नियमअनुसार कर्मचारीहरुलाई सेवा सुबिधा प्रदान गरिएको हुनुपर्ने ।
७.सिचाईको राम्रो व्यवस्था भएको साथै अर्गानिक सर्टिफिकेट प्राप्त गरेको फर्म हुनुपर्ने ।
८.कम्तिमा १५ जना स्थानियलाई रोजगार दिएको हुनुपर्ने ।
९.राष्ट्रिय चिया तथा कफि बोर्डको सदस्यता लिएको हुनुपर्ने ।
१०.राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा कफि प्रशोधन गरी बिक्री वितरण गरिरहेको हनुपर्ने ।
११.कफि सम्बन्धि जिज्ञासा राख्ने कृषकहरुको प्रेरणा जागरण गराउन सक्ने वातावरण भएको हनुपर्ने।
१२.८०० मिटर भन्दा माथी उचाइको स्थापना कफि रोपण गरिएको हुनुपर्ने ।
१३. सोहि कार्यक्रमको लागि अन्य निकायबाट २०७९।०८० को लागि अनुदान लिएको भए खुलाउन पर्ने छ ।
१४. कुनै पनि अनुदान लिई फर्म तथा व्यक्ति कालो सूचिमा नरहेको प्रतिवद्धता जनाउनुपर्ने छ ।
१५. कर्मचारी को आ.व.२०७९।०८० को आयकर तिरेको फोटोकपि पेश गरेको हुनुपर्ने छ ।

कार्यविधि, अनुसूचि एवम विस्तुत विवरणको थप जानकारीको लागि फोन नं.९८६०७८६०२८
अनूसुचि २ र ३ तादी गाउँपालिका कार्यालयको कृषि तथा पशुपन्छी शाखाले उपलब्ध गराउने छ ।
वेभसाइट : www.tadimun.gov.np, ईमेल ठेगानाः ito.tadimun@gmail.com

**प्रमुख प्रशासकीय अधिकृत**